"समुन्नत नेपालको लागि उद्यमी तथा उद्योगको सशक्तिकरण"

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

त्रिपुरेश्वर, काठमाडौं

## स्टार्ट अप कार्यक्रम २०७७/७८

**१.संस्थागत पृष्ठभूमि :**

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको स्थापना "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३" अन्तर्गत, २०५३ साल कार्तिक १९ गते भएको हो । वि.सं. २०४० मा तत्कालिन जर्मन प्राविधिक सहयोग नियोग (GTZ) को सहयोगमा साना व्यवसाय प्रवर्द्धन आयोजना (Small Business Prmotion Project) को रुपमा शुरु भएको थियो । यस प्रतिष्ठानले राष्ट्रको औद्योगिक विकासका लागि उद्यमशिलता विकास, व्यवसाय व्यवस्थापन, कार्यमूलक अनुसन्धान तथा उद्योग व्यवसायको विकासको लागि आवश्यक जनशक्तिको विकास गरी उद्योग व्यवसाय क्षेत्रको विकासबाट अर्थ व्यवस्थालाई सबल तुल्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

**२. प्रतिष्ठानको मुख्य उद्देश्य**

(क) उद्योग व्यवसायको विकास कार्यमा संलग्न संघ संस्थाहरुको जनशक्ति विकास कार्यमा सहयोग पुऱ्याउन त्यस्ता संस्थाहरुको मागमा आधारित प्रशिक्षक प्रशिक्षण, गुणस्तर व्यस्थापन, सम्भाव्यता अध्ययन र परामर्श सेवा जस्ता सेवाहरु प्रदान गर्ने ।

(ख)उद्योग व्यवसायको विकासको लागि गुणात्मक सेवा प्रदान गर्न आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने।

(ग) सेवामूलक संस्थाको रुपमा उद्योग व्यवसाय क्षेत्रको प्राविधिक, उद्यमशिलता र व्यवस्थापन सम्बन्धी ज्ञान तथा शीप विकास गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

(घ) स्वदेशी कच्चा पदार्थ वा स्वदेशी र विदेशी कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको सम्भाव्यता अध्ययन, अनुसन्धान तथा विकासमा जोड दिने ।

(ङ) उद्योग व्यवसाय विकासको लागि आवश्यक संस्थाहरुको स्थापना र विकास गर्ने ।

**३. प्रतिष्ठानको लक्षित समूह :**

(क) उद्योग व्यवसाय गर्न चाहने सम्भाव्य उद्यमीहरू

(ख) उद्योग व्यवसाय सञ्चालन गरिररहेका उद्यमी, व्यवसायीहरू

(ग) उद्योग व्यवसायको विकासमा संलग्न व्यक्ति तथा संघसंस्थाहरू

**४. स्टार्ट अप कार्यक्रमको पृष्ठभूमी :**

विकसित मुलुकमा ३ दशकदेखि चर्चामा रहे पनि नेपालमा भने स्टार्ट अप बारेको अवधारणा तथा कार्यक्रम सञ्चालनको सुरुआती चरणमा नै छौं । केही सरकारी तथा निजी क्षेत्रका संघ संस्थाहरुले यस क्षेत्रमा काम गर्न थालेका भए पनि आवश्यक मात्रामा यस्ता कार्यक्रम सञ्चालन हुन सकेको देखिंदेन । त्यसैले हाल नेपालमा सिर्जनशील तथा उर्जासील युवाहरुलको अध्ययन, अनुसन्धान, अन्वेषणमा आधारित वा उद्यम व्यवसाय गर्ने कुनै नवीनतम सोच वा क्षमतालाई व्यवसायीकरण गर्न सहयोग पुग्ने तथा उत्प्रेरित गर्ने किसिमका कार्यक्रमहरुको आवश्यकता टड्कारो रुपमा महसुस भैरहेको छ । यसै आवश्यकतालाई सम्बोधन गर्नको लागि यस औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले आ. व। २०७३/२०७४ देखि स्टार्ट अप कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

**५. स्टार्ट अप कार्यकम के हो ?**

स्टार्ट अप भनेको अध्ययन, अनुसन्धान, अन्वेषणमा आधारित वा उद्यम व्यवसाय गर्ने कुनै नवीनतम सोच वा क्षमता भन्ने बुझिन्छ । अर्को शव्दमा नवीनतम सोच भएका र बजारमा चाँडो विस्तार हुन सक्ने सम्भावना भएका व्यवसायलाई स्टार्ट अप भन्ने गरिन्छ । त्यस्ता नवीनतम सोच वा अध्ययन, अनुसन्धान, अन्वेषणलाई यस्ता सोच वा संभावना भएका सबै युवाहरुले कार्यान्वयन गर्न सक्ने अवस्था नहुने वा कार्यान्वयन गर्न कठिन

हुने हुंदा सरकार वा अन्य उद्यम व्यवसाय प्रवद्धनमा लागेका क्षेत्रबाट सुरुको लगानीदेखि परिपक्व हुन्जेलसम्म सहायता तथा सहुलियत दिनु स्टार्ट अपको मुख्य विशेषता हो ।

**६. स्टार्ट अप कार्यक्रमको उद्देश्य :**

- अध्ययन, अनुसन्धान, अन्वेषणमा आधारित वा उद्यम व्यवसाय गर्ने कुनै नवीनतम सोच वा क्षमता भएका वा वृद्धि उन्मुख युवा उद्यमीहरु पहिचान गरी उद्यम व्यवसाय स्थापना, सञ्चालन तथा वृद्धिको लागि आवश्यक सहयोग गर्ने
- नेपालमा उद्यमशीलताको प्रवर्द्धन तथा विकास गर्नको लागि निजि क्षेत्रसंग सहकार्य गर्ने
- नेपालमा उद्यमशीलताको प्रवर्द्धन तथा विकास गर्नको लागि सार्वजनिक निजि क्षेत्रको बीच उद्यमशील पर्यावरणीय वातावरण सिर्जना गर्ने

**७. कार्यक्रम सञ्चालन प्रकृया :**

- आवेदन संकलन
- आवेदन फाराम तथा व्यवसायिक बिचारको प्रस्तुतीकरणको आधारमा २०-२५ जना संभावित उद्यमीहरुको छनोट
- छनोट भएका संभावित उद्यमीहरुको लागि उद्यमशीलता सम्बन्धी ३ दिनको अभिमुखीकरण कार्यक्रम र १० दिनको बूट क्याम्प सञ्चालन
- सहभागीहरुलाई आवश्यकता अनुसार व्यवसायिक परामर्श सेवा उपलब्ध गराउने
- सहभागीहरुको माग भएमा व्यवसाय व्यवस्थापन तालिम सञ्चालन गर्ने ।

**८. आवेदन दिनको लागि आवश्यक योग्यता :**

- नेपाली नागरिक
- उमेर : २१ देखि ४५ वर्ष सम्म
- न्यूनतम शैक्षिक योग्यता : १२ कक्षा उत्तिर्ण
- अध्ययन, अनुसन्धान, अन्वेषणमा आधारित वा नवीन व्यवसायिक सोंच भएको
- व्यवस्थापन वा प्राविधिक विधामा कलेजमा अध्ययन विद्यार्थीहरुलाई विषेश प्राथमिकता दिइनेछ

**९ .कार्यक्रम सञ्चालन तालिका**

| क.सं | कार्यक्रम | मिति |
|---|---|---|
| १ | आवेदन दिने अन्तिम मिति | २०७७ पुस २२ गते बुधबार |
| २ | सम्पर्क मिति | २०७७ पुस २६ गते आइतबार |
| ३ | व्यवसायिक बिचारको प्रस्तुतीकरण | २०७७ पुस २८ र २९ गते |
| ४ | अभिमुखीकरण कार्यक्रम र बूट क्याम्पको लागि सहभागी छनोटको नतिजा प्रकाशन | २०७७ माघ १ गते |
| ५ | अभिमुखीकरण कार्यक्रम सञ्चालन | २०७७ माघ ४ देखि ६ गते सम्म |
| ६ | बूट क्याम्प सञ्चालन | २०७७ माघ ७ देखि १८ गते सम्म |
| ७. | आवश्यक परामर्श, सल्लाह सुझाव तथा सहयोग प्रदान | दुई वर्ष सम्म । |

**बिस्तृत जानकारीका लागि सम्पर्क:**

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान
त्रिपुरेश्वर, काठमाण्डौ
फो.नं. ५३६१३३९, ५३६१४६९, ५३६११६२, ५३६११६३
ईमेल: iedimkt@mos.com.np
वेबसाइट: www.iedi.org.np

फोटो

"समुन्नत नेपालको लागि उद्यमी तथा उद्योगको सशक्तिकरण"

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

# स्टार्टअप कार्यक्रम, २०७७७८

आवेदन फाराम

**(क) व्यक्तिगत विवरण:**

नाम :

लिङ्ग : ☐ महिला ☐ पुरुष ☐ अन्य

जन्म मिति :

स्थायी ठेगाना: वैवाहिक स्थिति :

हालको ठेगाना:

सम्पर्क नम्बर : फोन नं : मोबाइल नं :

शिक्षा: इमेल:

सम्बन्धित तालिम:

.................................................................................................................................

.................................................................................................................................

हालको पेशा :

अघिल्ला कामको अनुभव:

.................................................................................................................................

.................................................................................................................................

आमाको नाम: पेशा :

बाबुको नाम : पेशा :

परिवारमा अरु कसैले व्यवसाय गर्नु भएको ☐ छ ☐ छैन

छ भने भने कस्ले ? के व्यवसाय ?

**(ख) गर्न चाहेको व्यवसायको विवरण:**

गर्न चाहेको व्यवसाय:

यो व्यवसाय गर्ने  विचार कसरी आयो ?

......................................................

......................................................

यही व्यवसाय गर्न चाहनुका कारण:

......................................................

......................................................

व्यवसायले उत्पादन गर्ने वस्तु/सेवा :

......................................................

......................................................

..........................................................

हाल बजारमा तपाईले गर्न चाहनु भएको व्यवसायले उत्पादन गर्ने वस्तु/सेवा बजारमा उपलब्ध ☐ छ ☐ छैन

छ भने कहाँ उत्पादन हुन्छ ?

कस्ता व्यक्ति/संस्था/समुदायले ती वस्तु/सेवाको प्रयोग गर्छन् ?

......................................................

..........................................................

कहाँका ग्राहक/उपभोक्ताहरुले ती वस्तु/सेवाको प्रयोग गर्छन् ?

......................................................

......................................................

व्यवसाय कहाँ स्थापना गर्ने ? र किन ?

..........................................................

..........................................................

..........................................................

हाल सम्म निम्न पक्षहरु मध्ये के के को बारेमा जानकारी हाँसिल गर्नु भएको छ ? तथा के कस्ता कियाकलापहरु सम्पन्न गर्नु भएको छ ?

| क.सं | जानकारी लिएका पक्षहरु | जानकारीहरु | गरिएका कियाकलापहरु |
|---|---|---|---|
| १. | पूँजीको (आवश्यकता तथा उपलब्धता) | | |
| २. | कर्मचारीको (आवश्यकता तथा उपलब्धता) | | |
| ३. | कच्चामाल (आवश्यकता तथा उपलब्धता) | | |
| ४. | प्रविधि (आवश्यकता तथा उपलब्धता) | | |
| ५. | पूर्वाधार (आवश्यकता तथा उपलब्धता) | | |
| ६. | सरकारी निति नियम | | |
| ७. | अन्य केही भए | | |

तंपाईले सोच्नु भएको व्यवसाय सुरु तथा सञ्चालन गर्न के कस्ता सहयोगको आवश्यकता पर्ला ?

| क.सं | आवश्यक सहयोग | सहयोग अपेक्षा गरिएको व्यक्ति/संस्था |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

यदि हाल सोच्नु भएको व्यवसाय गर्न सम्भव भएन भने वैकल्पिक पेशा/व्यवसाय के गर्ने विचार गर्नु भएको छ ?

निवेदकको हस्ताक्षर